# मिति २०७७/०८/०६ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १

यस उप-महानगरपालिका क्षेत्रमा रहेका सार्वजनिक संस्थागत तथा सामुदायिक विद्यालयहरुको पठनपाठन सूचारु गर्ने सम्वन्धमा छलफल हुँदा वर्तमान कोभिड-१९ को संक्रमणकालीन अवस्थालाई मध्येनजर गर्दा अझै नगरमा संक्रमणको सम्भावना जिवितै रहेको देखिएकोले विद्यालयहरु सञ्चालन सम्वन्धमा सर्वदलिय, सर्वपक्षिय सरोकारवालाहरुको बैठक राखी यस विषयमा प्राप्त हुने निष्कर्ष अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मित्रराष्ट्र कतारका महामहिम राजदुतको नेपालगंज भ्रमणको सिलसिलामा उक्त भम्रणको मौकालाई सदुपयोग गर्दै यस उप-महानगरपालिकावाट निर्मित वडा नं. ४ स्थित गर्ल्स स्कूल समुद्धघाटन महामहिम राजदुतवाट गराउने चाँजोपाँजो मिलाउने र गर्ल्स स्कूलको लागि चाहिने भौतिक सरसामान तथा कृषीजन्य उपजको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि अनुदान सहयोग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस उप-महानगरपालिकालाई आ.व. ०७७/०७८ मा संघीय सरकारवाट स्थानीय तहमा हस्तान्तरित कार्यक्रम अर्न्तगत संचालन हुने गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अर्न्तगत करार सेवामा आवश्यक पर्ने जनशक्ति उद्यम विकास सहजकर्ता (सहायक स्तर चौथो तह सरह) पदपुर्तीका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ वमोजिम आवश्यक पर्ने योग्यता पूरा भएका तपशिलमा उल्लेखित २ जना अनुभवी कार्यरत उद्यम विकास सहजकर्ता लाई नै करार सेवामा राखिदिनु हुन श्री घरेलु तथा साना उद्योग कार्यालय नेपालगंजवाट मिति २०७७/०७/२५ च.नं. १०९९ को पत्र मार्फत अनुरोध भई आएकोमा छलफल गर्दा व्यहोरा उचित भएको नयाँ प्रक्रियावाट पदपूर्ति प्रक्रियामा थाल्न प्रयाप्त समय नभएको र नयाँ प्रक्रियामा थप प्रशासनिक व्ययभार समेत हुने भएकोले घरेलु तथा साना उद्योग कार्यालय, नेपालगंजकै सिफारिस अनुसारका तपसिलका अनुभवी जनशक्तिलाई करार सम्झौता गरी चालु आ.व. ०७७०७८ को सोही कार्यक्रमवाट व्ययभार हुने गरी काममा लगाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.स | नाम | पद/तह | ठेगाना |
|---|---|---|---|
| १. | प्रिया खड्का | उद्यम बिकास सहजकर्ता/ चौथौ तह सरह | ने.गं.उप.नपा.-६ बाँके |
| २. | मिना पाण्डे | उद्यम बिकास सहजकर्ता/ चौथौ तह सरह | राजापुर नपा. -५ बर्दिया |

निर्णय नं. ४

यस उप-महानगरपालिकाको वोर्ड बैठकवाट मिति २०७७/१२/२९ गतेको निर्णय नं. ४ मा कोरोना भाईरस (covid-19) को महामारी संक्रमणका कारण यस उप-महानगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरुको मृत्यू भएमा राहत स्वरुप रु.१५,००,०००।- (रु. पन्ध्र लाख मात्र) सहयोग सम्बन्धितका परिवारलाई उपलब्ध गराउने व्यहोराको निर्णय भएकोमा चालु आ.व. ०७७/०७८ को

## मिति २०७७/०८/०६ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

आन्तरिक श्रोतको आम्दानीको अवस्था संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त भएको निशर्त अनुदान बजेट समेत लाई मध्ये नजर गर्दै उक्त निर्णय अनुसारको रकमको बजेट व्यवस्थापन हुन नसकेकोले कोभिड-१९ को संक्रमण वाट मृत्यू भएका जनप्रतिनिधि तथा राष्ट्रसेवक स्थानीय तहका कर्मचारीका हकवाला परिवारलाई काजक्रिया खर्च तथा औषधि उपचार सोधभर्ना खार्च वापत एकमुष्ट रु २,५०,०००।- (रु. दुई लाख पचास हजार मात्र) यस उप-महानगरपालिकाको कोभिड कोषवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप) द्वारा यस नेपालगञ्ज उप-महानगरपालिकामा कोभिड-१९ पूर्व तयारी र प्रतिकार्य परियोजना अन्तर्गत् दोश्रो चरणमा थप ७०० जना अति विपन्न घरधूरीलाई आवश्यक राहत सहयोगका लागि लाभग्राहीको नामावली छनौट कार्यमा सहयोग गरिदिने भनि अनुरोध भई आएकोमा उक्त संस्थाले यसअघि राहत वितरण गरेका लक्षित घरधूरीहरु बाहेक नयाँ थप घरधूरी छनौट गर्नका लागि माथि उल्लेखित संख्या मध्ये तोकिएको मापदण्डभित्र पर्ने गरि १०० जना नगर प्रमुखज्यू एवं उप-प्रमुखज्यूको सिफारिसमा साथै बाँकी ६०० जनाको हकमा सवै वडाहरुबाट नामावली संकलन गर्न देहाय बमोजिम कोटा निर्धारण गर्ने र सो बमोजिम तपसिल अनुसारको वडागत संख्या अनुसार सवै वडा कार्यालयहरुबाट यस अधि छनौटमा परि राहत पाईसकेका लक्षित घरधूरीहरु नदोहोरिने गरि लक्षित नामावली संकलन गरि मंसिर २५ गते भित्र संस्थालाई उपलब्ध गराउन लगाउने एवं संस्थाले सवै वडाको नामावली मापदण्ड भित्र भए, नभएको हेरी नभएको भए त्यस्ता नामहरु ह्टाई अन्तिम नामावली तयार गरि यस कार्यालयमा समेत बुझाउन लगाउने निर्णय गरियो ।

तपसिल :

(क) घरधूरी छनौट गर्दा तोकिएको मापदण्ड देहाय बमोजिम स्वीकृत गर्ने ।

१. दैनिक ज्यालामजदूरबाट जीविकापार्जन गरिरहेका अति विपन्न घरधूरी ।

२. घरधूरीमा आयआर्जन गर्न सक्ने सदस्य नभएको (जैष्ठ नागरिक, सुत्केरी आमा, गर्भवती महिला, अभिभावक विहिन बालवालिका, महिला घरमूली भएको घर आदि ।)

३. अति विपन्न अल्पसंख्यक जनजातिहरु ।

४. अति विपन्न दलितहरु ज्स्तैः मुसहर, पासवान, मगन्ता, कुशवधिया, चिडिमार, घसियारा आदि, जसले परम्परागत पेशाका भरमा जीविकोपार्जन गरिरहेका घरधूरीहरु ।

५. विपद्का कारण प्रत्यक्ष प्रभावित भएका अति विपन्न र विपद्को सामना क्षमता नभएका साथै आम्दानिको कुनै पनि स्रोतमा पहूँच नभएका र कोभिड-१९ का कारण रोजगारी गुमाएका घरधूरी ।

६. घरमा आआर्जनका क्रियाकलापमा सहभागी हुनसक्ने सदस्यहरु नभएको र घरमा आयआर्जन गर्नसक्ने मूख्य सदस्य अपाङ्गता भएका कारण आयआर्जन गर्न नसक्ने अवस्था भएको घरधूरी ।

७. उल्लेखित मापदण्ड भित्र नपरेमा सम्बन्धित संस्थाले नाम हटाउन सक्ने ।

नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## मिति २०७७/०८/०६ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

(ख) वडागत संख्या देहाय अनुसार हुने ,

| वार्ड न. | जनसंख्या | भार | बाडफाडयोग्य संख्या सिलिड. | प्रति वडा (भारका आधारमा) | वडागत लाभान्भित संख्या |
|---|---|---|---|---|---|
| १ | ९१३७ | ६.२२ | ६००।०० | ३७।३३ | ३७ |
| २ | ५९५५ | ४.०५ | ६००।०० | २४।३३ | २४ |
| ३ | ४१७१ | २.८४ | ६००।०० | १७।०४ | १७ |
| ४ | १०७५० | ७.३२ | ६००।०० | ४३।९२ | ४४ |
| ५ | ४८०६ | ३.२७ | ६००।०० | १९।६३ | २० |
| ६ | ५८६९ | ४ | ६००।०० | २३।९८ | २४ |
| ७ | ३२४६ | २.२१ | ६००।०० | १३।२६ | १३ |
| ८ | ३७२७ | २.५४ | ६००।०० | १५।२३ | १५ |
| ९ | ४०१८ | २.७४ | ६००।०० | १६।४१ | १६ |
| १० | ८०७८ | ५.५ | ६००।०० | ३३।०० | ३३ |
| ११ | ५१७६ | ३.५२ | ६००।०० | २१।१५ | २१ |
| १२ | ६११८ | ४.१७ | ६००।०० | २४।९९ | २५ |
| १३ | ७०३१ | ४.७९ | ६००।०० | २८[illegible]७२ | २९ |
| १४ | ५०६३ | ३.४५ | ६००।०० | २०।६८ | २१ |
| १५ | ५७२७ | ३.९ | ६००।०० | २३।४० | २३ |
| १६ | ६९२३ | ४.७१ | ६००।०० | २८।२८ | २८ |
| १७ | ४६४६ | ३.१६ | ६००।०० | १८।९८ | १९ |
| १८ | १२२९७ | ८.३७ | ६००।०० | ५०।२४ | ५० |
| १९ | ८५१७ | ५.८ | ६००।०० | ३४।७९ | ३५ |
| २० | १२४११ | ८.४५ | ६००।०० | ५०।७० | ५१ |
| २१ | ६२९८ | ४.२९ | ६००।०० | २५।७३ | २६ |
| २२ | ५३०९ | ३.६१ | ६००।०० | २१।६९ | २२ |
| २३ | १५९८ | १.०९ | ६००।०० | ६।५३ | ७ |
| जम्मा | १४६८७१ | १०० | | ६००।०० | ६००.०० |

डा. धवल शमशेर राणा
प्रमुख
नेपालगंज उप महानगरपालिका